पूँजी फिर्ता जगेडा कोष	-	-	-
पूँजी समायोजना कोष	-	-	-
अन्य			
स्थगन कर कोष	१५,०००	१८,०००	२३,०००
लगानी समायोजन कोष	-	-	-
ऋणपत्र भुक्तानी कोष	९०,९१०	९०,९१०	९०,९१०
ग्राहक संरक्षण कोष	-	-	-
जम्मा	१,८१२,०७०	१,६५२,४३०	२,९७५,६२०
सञ्चित मुनाफा/(नोक्सान)	१,६१३,४९०	३,०३१,०४०	३,९०८,९३०

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
चुक्ता पूँजी	२,४००,०००	४,४८६,९२४	६,४६१,७७४	८,०००,०००	८,०००,०००	१०,०००,०००
प्रस्तावित बोनश शेयर	३३२,३६५	१,०३१,७१२	-	३९७,२३०	-	२,०००,०००
जगेडा तथा कोषहरु	५६४,०८२	१,३४२,५२४	४,२२५,४०१	७,२५२,५६०	९,७२८,८६०	९,४३८,८३०
जम्मा	३,२९६,४४७	६,८६१,१६०	१०,६८७,१७५	१५,६४९,७९०	१७,७२८,८६०	२१,४३८,८३०
घटाउने : अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवोर्थ	३,२९६,४४७	६,८६१,१६०	१०,६८७,१७५	१५,६४९,७९०	१७,७२८,८६०	२१,४३८,८३०
शेयर संख्या (हजारमा)	२४,०००	४४,८६९	६४,६१८	८०,०००	८०,०००	१००,०००
प्रति शेयर नेटवर्थ (रु.)	१३७	१५३	१६५	१९६	२२२	२१४
प्रति शेयर आम्दानी (रु.)	२०.८७	२४.८५	२२.७१	२९.१०	३८.३७	३८.५४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा प्रतिफल (%)	१५.२	१६.२५	१३.७३	१४.८५	१७.२८	१८.०१

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : १९.०५%

**प्रक्षेपित वित्तीय विवरण बैंक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु आरकेएस एण्ड एसोसिएटस्का चार्टडए एकाउण्टेण्ट श्री राजेश कुमार शाहद्वारा पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गरिएको छ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु

विवरण	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
कर्जामा बृद्धिदर (प्रतिशतमा)	२०.००%	२२.००%	२६.००%
कुल निक्षेपमा बृद्धिदर (प्रतिशतमा)	२०.००%	२३.००%	२६.००%
नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम कर्जा सापटको निक्षेप दायित्वसँगको अनुपात	७२.५८%	७२.८६%	७२.९८%
कुल संचालन खर्चमा बृद्धिदर (प्रतिशतमा)	४५.००%	२५.००%	२५.००%
आयकर व्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
तरलता (CRR)	६.५०%	६.५०%	६.५०%
बैधानिक तरलता अनुपात (SLR)	२०.३६%	१७.५७%	१७.४५%
पूँजीकोष पर्याप्तता (CAR)	१७.३९%	१४.७८%	१४.६४%

१३. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले वहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने। यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नुपर्ने।

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
बजारमा समय समयमा देखिने तरलताको उतार चढाव र सोको कारण निक्षेपको व्याजदरमा हुने परिवर्तनबाट लगानी विस्तारमा समस्या देखिदै आएको छ। यसबाट बैंकको नाफामा असर पर्न सक्नेछ। यस्तो जोखिम न्यूनिकरण गर्नका लागि तरलताको अवस्था र बजारको स्थितीको मुल्यांकन गरि कर्जा तथा लगानी विस्तार गरिने गरिएकोछ।

ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम : लागु नहुने।

ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको पूँजी बृद्धिले बैंकिङ्ग क्षेत्र अझ मजवुद हुने हामीले अपेक्षा गरेकाछौं। यसले बैंकहरुको प्रतिषर्धात्मक र जोखिम वहन गर्नसक्ने क्षमता बढाउने छ। फलस्वरुप, हामीले आगामी दिनहरुमा वित्तीय क्षेत्र बीच थप प्रतिषर्धा हुदै जानेछ। प्रतिषर्धाबाट उत्पन्न हुने जोखिम व्यवस्थापनमा यस बैंकको उत्कृष्ट सेवा तथा सुविधा, परिवर्तनलाई आत्मसात गर्नसक्ने क्षमता, गुणस्तरीय कर्जा पोर्टफोलियो एवम् जोखिम व्यवस्थापन गर्ने संस्कार तथा विशेषज्ञताबाट थप सहयोग पुग्नेछ।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम : लागु नहुने।

ङ) विदेशी विनिमयको :
बैंकको विदेशी मुद्रामा ऋण लगानी न्यून रहेको छ। यसबाहेक विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई व्यवस्थापन गर्नआवश्यक उपायहरु अवलम्बन गरिएका छन्।

च) कानुनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु :
कानुनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने विषयमा भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको।

छ) क्षेत्रीयकरण र विश्व व्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा हुने उतारचढावले नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
यस बैंक मुख्यतया छोटो अवधिकालागि गरिने अन्तर्राष्ट्रिय व्यापारिक कारोवारहरुमा संलग्न रहने हुनाले यस्ता व्यापारसँग अन्तरनिहीत विश्व तथा क्षेत्रीय बजारमा वस्तुको मूल्यमा आउने उतार चढाव एवं विनिमय दरको परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई तत्परताका साथ व्यवस्थापन गर्न सक्षम रहेको छ। नेपालको एक प्रमुख विदेशी विनिमयको श्रोत रहेको वैदेशिक रोजगार, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय आर्थिक घटनाक्रमबाट प्रभावित रहने हुनाले यसबाट प्राप्त हुने विप्रेषणमा भने यसको असर पर्ने देखिन्छ। यसबाट देशको वैदेशिक विनिमय सँचिती, भुक्तानी सन्तुलन एवं आर्थिक स्थिरतामा असर पर्न सक्दछ र यसबाट पर्नसक्ने अप्रत्यक्ष असरहरुलाई बैंकले आफ्नो पोर्टफोलियोको भार मुल्यांकन (Stress Testing) लगायत अन्य कार्यविधी अनुसरण गरी व्यवस्थापन गर्ने गर्दछ। विश्वव्यापीकरणबाट हाम्रो व्यवसायमा कुनै नोक्सानी व्यहोर्नु पर्ने अवस्था सृजना नहुने अनुमान गरेका छौं। प्रस्तावित पूँजी बृद्धिले बैंकको जोखिम वहन गर्नसक्ने क्षमतामा थप सुदृढ हुनेछ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
नेपाल राष्ट्र बैंक एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र बैंकिङ्ग क्षेत्र एवं यस बैंकलाई समेत असर पर्न जाने सम्भावना रहन्छ। हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको पालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नियामक परिवर्तनबाट बैंकको कार्य संचालनमा ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं।

नेपाल राष्ट्र बैंकद्वारा हालसालै जारी गरिएका (क) ब्याजदर सम्बन्धि निर्देशन (ख) बैंक एवं वित्तीय संस्थाको चुक्ता पूँजी बृद्धि सम्वन्धी निर्देशन र (ग) उत्पादनशील, कृषि, उर्जा एवं विपन्न वर्गमा लगानी गर्नुपर्ने कर्जा सीमा सम्बन्धी निर्देशनले बैंक तथा वित्तीय संस्थाहरुलाई तत्कालका लागि केहि असहज देखिएपनि यसले बैंकिङ्ग क्षेत्रका विकासमा मद्दतनै पुग्ने हामीले अपक्षा गरेको छौं। हाम्रो प्राथमिकता नेपाल राष्ट्र बैंकबाट जारी भएका उपरोक्त निर्देशनहरुलाई पालना गर्दै व्यवसाय विस्तार गर्ने रहेको छ।

नेपाल राष्ट्र बैंकले NFRS को कार्यान्वयनलाई चरणवद्ध रुपमा लैजानुपर्ने नियम लागु गरको छ र यस बैंकले तोकिएको समयसीमाभित्र नै सोलाई कार्यान्वयन गर्ने अपेक्षा राखेका छौं।

मुद्रा निर्मलीकरण बन्देजका लागि समय समयमा जारी एवं परिवर्तन हुने नीति नियमहरु पालना गर्न हामी प्रतिवद्ध रहेको छौं। सोका लागि हामीले आवश्यक संयत्र विकास गरि कर्मचारीहरुलाई तालिम प्रदान गर्दै आएका छौं।

झ) संचालन इतिहासको अभाव : लागू नहुने।

(ञ) प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम :
प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम र त्यस्ता जोखिम न्यून गर्ने सम्बन्धमा गरि आएका पहल तथा भावी योजना देहाय बमोजिम रहेको छ।

प्रविधिको परिवर्तनवाट हुनसक्ने जोखिम	जोखिम न्यूनिकरणका उपाय	जोखिम न्यूनिकरण सम्बन्धमा भावी योजना
नयाँ प्रविधि तथा आविष्कारलाई समय सापेक्ष रुपमा ग्रहण गर्न नसकेको अवस्थामा हुनसक्ने जोखिम।	- प्रविधिमा छरितोपना ल्याउने र प्रविधिको सरलीकृत उपयोग। - केन्द्रिकृत प्रणाली तथा साझाप्रविधिहरुमा सहभागिता। - नयाँ प्रविधिहरुको खोज।	आगामी वर्षहरुमा प्राविधिक विकास तथा कार्यक्रमहरुमा थप लगानी गर्दै जाने।
सूचना संजालका जोखिमहरु (जस्तैः मालवेयर, अनाधिकृत प्रयोग, ह्याकिङ्ग, गलत प्रयोग, सामाजिक संजालको अनाधिकृत प्रयोग)	- सूचना सुरक्षा तथा नाजुक तथ्यांक व्यवस्थापन रणनीतिको अवलम्वन। - जोखिमहरुबाट प्राविधिक संरचनाहरुमा पर्न जाने प्रभावको निर्धारण तथा सुरक्षाको प्रबन्ध। - सुपरीवेक्षण, निगरानी रनिवारणको सामर्थ्य। - सूचना तथा संजाल सुरक्षा जोखिम व्यवस्थापन गर्न विज्ञ एवं विशेषज्ञहरुसँग मजबुत समन्वय।	सूचना संजाल सुरक्षाका नयाँ प्रविधिहरु अपनाई प्राविधिक मजवुत बनाउँदै लगिने।
बैंकिङ्ग प्रविधिमा आउनसक्ने अस्थिरताको जोखिम।	- प्रविधिको आधुनिकिकरण। - केन्द्रीकृत सेवाको निरन्तर निगरानी। - प्रविधि उपयोग पुर्व परीक्षण। - सरलिकृत तथा पारदर्शी परिवर्तन व्यवस्थापन विधि। - डिजास्टर रिकभरी क्षमताको अभिवृद्धि।	परिवर्तन व्यवस्थापनको स्वचालित विधिलाई सबलीकरण गर्ने।

(ट) अन्य : निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा बैंकको जोखिम वहनगर्ने क्षमता एवं व्यावसायीक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ।
- देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम।
- कर्जा वा लगानी खराब कर्जा तथा लगानीमा परिणत हुँदा बैंकको आम्दानी संकुचन हुने जोखिम।
- पूँजी बजारमा आउने गिरावटको कारण बैंकको लगानीको मूल्यमा ह्रास आउने जोखिम।
- सरकारी सुरक्षणपत्रहरुको व्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम।
- कार्यसंचालन जोखिम (Operational Risk) बाट हुनसक्ने हानी नोक्सानी।
- सम्पत्ति शुद्धीकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी।
- प्राकृतिक प्रकोप (भुकम्प, बाढी/पहिरो आदी)को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम।

बैंकले विगतदेखि नै जोखिम व्यवस्थापनको क्षेत्रमा गर्दै आईरहेको उत्कृष्ट प्रदर्शन, गुणस्तरीय कर्जा पोर्टफोलियो, जोखिम निगरानी एवं नियन्त्रण विधिको अवलम्वन तथा कुशल एवं तत्परताका साथ जोखिम व्यवस्थापन गर्ने नीति अवलम्वन गर्ने गरेका कारण संचालन एवं वित्तीय अवस्थामा उपरोक्त जोखिमहरुबाट उल्लेख्य असर पर्ने जाने देखिदैन। बैंकले पहिचान गरेका सम्भाव्य जोखिमहरु व्यवस्थापन तथा न्युनिकरण गर्न विभिन्न जोखिम तथा सुशासन समितिहरुमा आवश्यकता अनुसार छलफल गर्दै न्यूनिकरण गर्दै आएको।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि बैंकलाई उत्कृष्ट एवं सवलरुपमा संचालन गरि लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरिएको छ। यसका साथै, बैंकमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ। कर्जासँग सम्बन्धित जोखिमहरु, कुनैपनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्यसंचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। जोखिम व्यवस्थापनकालागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :
- जोखिम र प्रतिफल बिच सन्तुलन।
- अनुशासित र संयमित जोखिम वहन।
- अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिकालागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्वन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्णरुपमा निर्मुल पार्न नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशनमा प्रिमियम रु.२३३/- थप गरी प्रति शेयर रु.३३३/- कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :

शेयरको अंकित मूल्य रु.१००/- मा रु.२३३/- प्रिमियम थप गरि प्रति शेयर रु.३३३/- मा निष्काशन गरिएकोछ। यसका कारण र औचित्य निम्नानुसार छन्।

१) कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यको शेयर जारी गर्नसक्ने गरी देहाय बमोजिमको अवस्था पूरा भएको।
क) बैंक विगत तीन वर्षदेखि लगातार मुनाफामा संचालन भई लाभांश वितरण गरिरहेको।

विवरण	वास्तविक (रु.हजारमा)		
	२०७०/७१	२०७१/७२	२०७२/७३
खुद नाफा/(नोक्सान)	४०९,९२३	५००,९९०	१,११५,०६५
प्रति शेयर नेटवर्थको रकम	१४०.६५	१३७.३५	१५२.९२

ख) बैंकको सम्पूर्ण दायित्व भन्दा खुद सम्पत्ति (Net Worth) बढी रहेको। पछिल्लो आ.व. २०७३/७४ को वित्तीय विवरण अनुसार खुद सम्पत्ति प्रति शेयर (Net Worth per share) रु.१६५।३९ रहेको।
ग) बैंकको साधारण सभाले प्रिमियम मूल्यमा शेयर जारी गर्ने निर्णय गरेको।

२) यस विवरणपत्र मार्फत् थप सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि बैंकबाट नियुक्त चार्टड एकाउन्टेन्ट आरकेएस एण्ड एसोसिएटसद्वारा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिएको विधिद्वारा मूल्याङ्कन गरी मूल्य निर्धारण गरिएको हो। यस्तो मूल्य निर्धारणमा प्रयोग भएको प्रक्षेपित वित्तीय विवरणलाई बैंकको लेखापरिक्षक श्री टि.आर. उपाध्याय एण्ड कम्पनीबाट प्रमाणीत गरिएको छ। मूल्य निर्धारणको औचित्यका सम्बन्धमा उक्त विज्ञबाट मूल्य निर्धारण गर्दा निम्न प्रक्रियाहरु अपनाईएको।
क) पूँजीकृत भएको आम्दानी Capitalized Earning Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.१४२.६२ हुन आएको।
ख) Discounted Cash Flow Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.१,००५.२३ हुन आएको।
ग) मिति २०१८/०५/२४ का दिनमा एक सय असी दिनको औसत बजार मूल्यद्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.४५८.६८ हुनआएको।
उपरोक्त बमोजिम गणना गर्दा कुल मूल्यको औषत मूल्य रु.५३५.५१ हुन आएको।
त्यसैगरी निष्काशन कम्पनीको पछिल्लो लेखा परीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको चार गुणाले मूल्य रु. ६६१/५६ हुन आएको।

३) यस सार्वजनिक निष्काशनको मूल्य निर्धारण विधिबाट मूल्य गणना गर्दा अपानाईएका प्रमुख सुचकहरू र तिनका आधार निम्न बमोजिम छन् :
क) Perpetual Growth Rate: गत आर्थिक वर्षमा आधारभूत मूल्यमा कुल गार्हस्थ उत्पादनमा भएको वृद्धिको आधारमा ५ प्रतिशत (sensitized) कायम हुन आएको।
ख) Discount Rate: Capital Asset Pricing Model (CAPM) को विधिबाट गणना गर्दा १३ प्रतिशत (sensitized) कायम भएको जस अन्तर्गत (Rf) Risk free rate of return (५.००%), b (beta) (१.१२८०) र Rm (Market Rate of Return) (११.४५%) क्रमशः नेपाल सरकारको विकास ऋणपत्रको औषत प्रतिफल, समग्र बाजार सुचको co-variance/ समग्र बाजारको compounded annual growth को आधारमा कायम हुन आएको।

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को नियम ३७ बमोजिम पछिल्लो तीन बर्षको पूँजीकृत भएको आम्दानी (Capitalized Earnings), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (Discounted Cash Flow) र मिति २०१८/०५/२४ का दिनमा एक सय असी दिनको औसत बजार मूल्य गणना गरी प्राप्त हुने कूल मूल्यको औसत मूल्य गणना गर्दा शेयरको मूल्य रु.५३५.५१ हुन आएको र कम्पनीको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्य रु.६६१/५६ भएको हुँदा उपरोक्त गणनाका आधारमध्ये पहिलो औषत तरिकाबाट प्राप्त औषत प्रिमियम मूल्य कम हुन आएकोले प्रति शेयर रु.५३५.५१ मा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सकिने सिफारिश भै आएकोमा यस कम्पनीको संचालक समितिको मिति २०७५/०२/०९ मा बसेको बैठकबाट अंकित मूल्य रु.१००/- मा प्रिमियम मूल्य रु.२३३/- थप गरी प्रति शेयर रु.३३३/- मा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्ने गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि पेश गर्न बैंकका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिने निर्णय भएको।

यस अघि Nederlandse Financierings Maatschappij Voor ontwikkelingslanden N.V.-(FMO) को शेयर स्वामित्व नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बृद्धि गरि न्यूनतम २० प्रतिशत पुऱ्याउनका लागि बैंक र एफएमओको बीचमा मिति १४ सेप्टेम्बर २०१६ मा भएको सम्झौता भएको। सो सम्झौता बमोजिम प्रति कित्ता अंकित मुल्य रु.१००/- मा प्रिमियम रु.१५०/- थप गरि जम्मा मुल्य रु.२५०/- को दरले ९४,३१,३८४ कित्ता थप नयाँ संस्थापक शेयर जारी गर्नका लागि धितोपत्र बोर्डको मिति २०७३।०६।११ र नेपाल राष्ट्र बैंक विदेशी विनिमय विभागको मिति २०७३।०६।१८ को स्विकृती बमोजिम एफएमओको हकमा थप नयाँ शेयर जारी भएको।

१५. बैंकको सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित।
- आर्थिक र प्रतिष्पर्धी बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको।

१६. धितोपत्रको बाँडफाँड फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत् जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा प्रत्याभुतिकर्ताहरुले आफुले प्रत्याभुत गरेको अनुपातमा खरिद गरि लिने गरि बैंक र प्रत्याभुतकर्ताहरुका बीचमा सम्झौता भएको छ।

ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था: शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँड-पत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ वा आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। साथै "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँड पश्चात निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले ब्याज दिनु नपर्ने।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचिकरण पश्चात सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण : बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको। थप सार्वजनिक निष्काशन गरिने शेयर बाँडफाँड पश्चात् सूचिकरण गरिनेछ।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : थप सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित शेयर निष्काशन तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१७. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।
१. बैंकको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय, बबरमहल, काठमाडौं।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री नागरिक लगानी कोष, नयाँ वानेश्वर, काठमाडौं।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस बैंकको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र बैंकको रजिर्ष्टर्ड कार्यालय, बबरमहल, काठमाडौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोष, नयाँ वानेश्वर, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत् निष्काशन गरिने शेयर खरीदकालागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.३३३/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ।
३. यस विवरणपत्र मार्फत् निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ५७,०७० (सन्ताउन्न हजार सत्तरी) कित्तासम्म शेयर खरीद गर्नकालागि दरखास्त दिन सकिनेछ।

१९. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत् निष्काशन गरिने नयाँ शेयर खरीदका लागि सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत दरखास्त दिन सक्नेछन्।
२. दरखास्त दिंदा बैंकले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरीद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ। यसरी दरखास्त दिंदा दरखास्तवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (DP ID & Client ID) पूर्ण रुपमा उल्लेख गर्नुपर्नेछ।
३. सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत् आवेदन फारम बुझाउँदा दरखास्तवालाले सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेवसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ।
४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
५. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको निजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ।
६. रु.१० लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN Number) दरखास्त फाराममा खुलाउनु पर्नेछ। साथै, रु.१० लाख वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नुपर्नेछ।
७. आवेदन फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा स्पष्ट रुपमा भर्नुपर्नेछ।
८. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
९. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानुन बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।
१०. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

२०. विवरणपत्र पाईने स्थानहरु :

सि.नं.	कम्पनीको नाम, ठेगाना
१.	नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं, वेभसाइट www.nlk.org.np
२.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं, वेभसाइट www.nmb.com.np

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	कम्पनीको नाम, ठेगाना
१.	सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तीनका तोकिएका शाखा कार्यालयहरु।

२१. निष्काशन बैंक (Bankers to the Issue) :

सि.नं.	निष्काशन बैंकको नाम र ठेगाना	खाता शिर्षक	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	CIT-NMB-FPO	००१००६००६५०४९५००००१

२२. धितोपत्र बिक्री खुला अवधि :

यस विवरणपत्रद्वारा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम बैंकले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "[ईक्राएनपि] आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ। ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus)चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सोको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नागरिक लगानी कोष, नयाँ वानेश्वर, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छसाथै, गुनासो सुन्न र सोको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालय, फोन नं. ०१-४७८१४३६ मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:
नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाडौं फोनः ४७८५३२१, फ्याक्सः ४७८५३२०
URL: www.nlk.org.np, Email: cit.cmkt@gmail.com, cit.cmkt@nlk.org.np